# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल


प.सं. : २०८१/०८२

च.नं.

मितिः २०८१/१०/३०

**विषयः न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन विपन्न व्यक्ति वा न्यूनतम आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका, निवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५९ वर्ष उमेर नकटेका, सम्बन्धित वडामा स्थायी बसोबास गरेका व्यक्तिहरुले २०८१ फाल्गुन मसान्त भित्र आवश्यक कागजात सहित आफ्नो स्थायी बसोबास गरेको वडाको सम्बन्धित वडा कार्यालयमा गई निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। बेरोजगार दर्ताको लागि दिने निवेदन फारम प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np वा सम्बन्धित वडा कार्यालय बाट प्राप्त गर्न सकिन्छ।

पुनश्चः चालु आर्थिक वर्षमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुले समेत आगामी आ.व. २०८२/०८३ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी अनिवार्य नविकरण गराउनु पर्नेछ। निवेदन दिने व्यक्तिले फारममा उल्लेखित विवरण पूर्ण रुपमा नभरेमा वा तोकिएको कागजात पेश नगरेमा उक्त निवेदनहरु स्वतः रद्द हुने समेत यसै सूचना मार्फत जानकारी गरिन्छ।

<u>निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
२. नेवेदकको पासपोर्ट साइजको फोटो -१ प्रति
३. नेविदेकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
४. निवेदक अन्यत्रबाट बसाईसराई गरेर आएको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
५. निवेदक महिला भएको र नागरिकतामा स्थायी ठेगाना फरक परेको खण्डमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
६. निवेदन दिने व्यक्ति वा परिवारमा कोही अपाङ्गता भएमा अपाङ्ग परिचय पत्रको प्रतिलिपि -१ प्रति

.....................

दिपेश अधिकारी

नि. प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत